# विद्युतिय निर्देशन पुर्जी प्रयोग सम्बन्धी कार्यविधि, २०७५

धितोपत्रको कारोवारलाई थप सहज र व्यवस्थित तथा छिटो छरितो रुपमा सञ्चालन गर्न तथा विद्युतिय कारोवार लाई प्रोत्साहित गर्ने उद्देश्यले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले दोश्रो बजारमा कारोवार भएका धितोपत्रको राफसाफ प्रयोजनका लागि जारी गरिने निर्देशन पुर्जीलाई भौतिक रुपमा जारि गर्नुको सट्टा केन्द्रीय निक्षेप सेवा विनियमावली,२०६८(दोश्रो संशोधन, २०७३ सहित)को विनियमावली-२९ बमोजिम सम्बन्धित ग्राहकले आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्यलाई आफूले बिक्री गरेको धितोपत्र बिक्रीकर्ता राफसाफ सदस्यको खातामा हस्तान्तरण गर्नका लागि विद्युतिय रुपमा नै निर्देशन दिने व्यवस्था गर्नका लागि धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० को अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यस कार्यबिधिको नाम “विद्युतिय निर्देशन पुर्जी प्रयोग सम्बन्धी कार्यविधि, २०७५” रहेको छ।

(ख) यस कार्यविधि सिडिएससिले तोकेको मिति देखि लागू हुने छ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “ऐन” भन्नाले धितोपत्र सम्बन्धि ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) “बोर्ड” भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनुपर्छ ।

(ग) “निर्देशन पुर्जी” वा “Delivery Instruction Slip (DIS)” भन्नाले ग्राहकले धितोपत्रको बिक्री गरेपछि उक्त कारोबारको राफसाफ प्रयोजनका लागि ग्राहकको हितग्राही खाताबाट बिक्रीकर्ता राफसाफ सदस्यको राफसाफ खातामा बिक्री गरेको धितोपत्र हस्तान्तरण गर्नका लागि निक्षेप सदस्यलाई जारी गरिने “धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली २०६८,(दोश्रो

CDS and Clearing Ltd

संसोधन, २०७३ सहित) को अनुसूची-२३” बमोजिमको निर्देशन पुर्जी सम्झनुपर्छ ।

(घ) “निक्षेप सदस्य” भन्नाले “धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमावली २०६८,(दोश्रो संसोधन २०७३ सहित) को विनियम१४ बमोजिम सदस्यता प्राप्त संगठित संस्थालाई सम्झनुपर्छ ।

(ङ) “नेप्से” भन्नाले नेपाल स्टक एक्स्चेन्जलाई सम्झनुपर्छ ।

(च) “नेप्से क्लाईन्ट कोड” भन्नाले धितोपत्रको कारोबार गर्दा लगानीकर्तालाई कारोवार सम्बन्धि सेवा प्रदान गर्न नेप्सेबाट अनुमति प्राप्त सदस्य दलालले आफ्ना ग्राहकलाई नेप्सेको कारोवार प्रणालीमा दर्ता गर्दा प्रदान गरिने पृथक परिचय नम्बर सम्झनुपर्छ ।

(छ) “म्यापिङ्ग” भन्नाले राफसाफ सदस्यले सिडिएससिले प्रदान गरेको राफसाफ तथा फछ्यौंट प्रणालीमा आफ्ना ग्राहकको नेप्से क्लाईन्ट कोड तथा हितग्राही खाता सम्बन्धी विवरण दर्ता गर्ने प्रक्रियालाई सम्झनुपर्छ ।

(ज) “No Delivery Period” भन्नाले सूचीकृत संगठित संस्थाले संस्थागत गतिविधि सम्बन्धी प्रयोजनका लागि दर्ताकिताब बन्द शुरू गरेको मिति देखिको चार कार्य दिनको (T+4)समयलाई सम्झनुपर्छ ।

(झ) “विद्युतिय निर्देशन पुर्जी” वा “Electronic Delivery Instruction Slip (EDIS)” भन्नाले ग्राहकले धितोपत्रको बिक्री गरेपछि उक्त कारोबारको राफसाफ प्रयोजनका लागि सिडिएससिले ग्राहकलाई प्रदान गरेको सफ्टवेयर मार्फत विद्युतिय रूपमा आफ्नो हितग्राही खाता रहेको निक्षेप सदस्यलाई सो खाताबाट बिक्रीकर्ता राफसाफ सदस्यको राफसाफ खातामा बिक्री गरेको धितोपत्र हस्तान्तरण गर्नका लागि जारी गर्न सक्ने विद्युतिय निर्देशनलाई सम्झनुपर्छ ।

(ञ) “राफसाफ सदस्य” भन्नाले धितोपत्र कारोवारको राफसाफ तथा फछ्यौंट विनियमावली २०६९, (तेश्रो संसोधन २०७३ सहित) को विनियम ६ अनुसार अनुमति प्राप्त सदस्यलाई सम्झनुपर्छ ।

CDS and Clearing Ltd

(ट) "समिति" भन्नाले सिडिएससिको संचालक समिति सम्झनुपर्छ ।

(ठ) "हितग्राही" वा "ग्राहक" वा "लगानीकर्ता" भन्नाले पूँजीबजारमा लगानी गर्दा आफूले खरिद गरेका धितोपत्रहरू अभौतिक रूपमा निक्षेप गर्नका लागि सिडिएससिले सदस्यता प्रदान गरेका निक्षेप सदस्यहरू मार्फत खाता खोलेका व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

३. <u>सफ्टवेयर तयार गर्नेः</u>

(क) हितग्राहीले बिक्री गरेको धितोपत्रको राफसाफ प्रयोजनका लागि जारी गर्ने निर्देशन पुर्जी आफ्नो खाता रहेको निक्षेप सदस्यलाई विद्युतिय रूपमा जारी गर्नका लागि सिडिएससिले आवश्यक सफ्टवेयर तयार गर्नेछ। यसरी सफ्टवेयर तयार गर्दा सिडिएससिले लगानीकर्ताको सुविधाका लागि प्रयोगमा ल्याएको **"मेरो शेयर"** सफ्टवेयरमा सुविधा थप गरेर समेत व्यवस्था गर्न सक्नेछ।

(ख) बुँदा (क) अनुसार तयार गरेको सफ्टवेयर सिडिएससिले निक्षेप सदस्य तथा निक्षेप सदस्य मार्फत ग्राहकलाई प्रदान गर्नेछ।

४. <u>ग्राहकको हितग्राही खाता तथा नेप्से क्लाईन्ट कोड म्यापिङ्ग गर्नुपर्नेः</u>

(क) ग्राहकले विद्युतिय निर्देशन पुर्जी जारी गर्ने सेवा प्रयोग गर्नु पूर्व आफ्नो हितग्राही खाताको विवरण आफूले कारोबार गर्ने सदस्य दलाललाई प्रदान गरि नेप्सेमा दर्ता भएको क्लाईन्ट कोड सँग म्यापिङ्ग गराउनु पर्नेछ।

(ख) बुँदा (क) बमोजिम म्यापिङ्ग गरिएका कोड मार्फत गरिएका कारोबारको राफसाफ प्रयोजनका लागि मात्र विद्युतिय निर्देशन पुर्जी जारी गर्न सकिनेछ।

५. <u>ग्राहकले T+2 भित्र विद्युतिय निर्देशन पुर्जी जारी गर्नुपर्नेः</u>

(क) ग्राहकले आफूले कारोबार गरेको धितोपत्रको राफसाफ समयावधि T+3 भन्दा अगावै अर्थात् T+2 भित्रमा नै विद्युतिय निर्देशन पुर्जी जारी गरि सक्नु पर्नेछ।

CDS and Clearing Ltd

(ख) बुँदा (क) बमोजिम निर्देशन पुर्जी जारी गर्नका लागि सिडिएससिले प्रदान गरेको सफ्टवेयरमा हरेक दिन निर्देशन पुर्जी जारी गर्दा कारोबार हुने दिनहरू मध्ये पहिलो दिन (T+0), दोश्रो दिन(T+1) र तेश्रो दिन (T+2) को कारोबारको मात्र निर्देशन पुर्जी जारी गर्न सकिने व्यवस्था गरिनेछ।

(ग) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि दर्ता किताब बन्द (No Delivery Period) भएको समयावधिमा भएका सम्पूर्ण कारोबारहरूको हकमा दर्ता किताब खुल्ला भएको पहिलो कारोबार हुने दिन लाई सम्पूर्ण कारोबारको पहिलो दिन अर्थात् T+0 मानिनेछ।

(घ) बुँदा (ग) बमोजिमको व्यवस्था गर्दा कम्पनीहरूको दर्ता किताब बन्द भएको जानकारी लगानीकर्तालाई प्रदान गर्न **मेरो शेयर** सफ्टवेयरमा दर्ता किताब बन्द सम्बन्धी विवरण राख्ने व्यवस्था गरिनेछ।

६. **कारोबार भएका धितोपत्रको आंशिक रूपमा मात्र राफसाफका लागि निर्देशन पुर्जी जारी गर्न सकिने:**

(क) ग्राहकको हितग्राही खातामा आफूले बिक्री गरेको भन्दा कम संख्यामा धितोपत्र मौज्दात भएको अवस्थामा आंशिक रूपमा राफसाफ गर्नका लागि समेत निर्देशन पुर्जी जारी सक्नेछ।

(ख) बुँदा (क) बमोजिम आंशिक धितोपत्रको निर्देशन पुर्जी जारी गरिसकेपछि कारोबारको T+2 भित्रमा ग्राहकको खातामा थप धितोपत्र जम्मा हुन आएको खण्डमा बाँकी धितोपत्रको राफसाफका लागि समेत निर्देशन दिन सकिनेछ।

७. **निक्षेप सदस्यले विद्युतिय निर्देशन पुर्जी स्विकार गरि कार्यान्वयन गर्ने:**

(क) निक्षेप सदस्यले आफ्ना ग्राहकले जारी गरेको विद्युतिय निर्देशन पुर्जी तत्कालै स्विकार गरि सो पुर्जी अनुसारको विवरण केन्द्रीय निक्षेप प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

CDS and Clearing Ltd

(ख) निक्षेप सदस्यले ग्राहकले प्रदान गरेको निर्देशन पुर्जी अनुसारको विवरण सफ्टवेयरबाट डाउनलोड गरी सोझै केन्द्रीय निक्षेप प्रणालीमा अपलोड गर्न सक्नेछन्। तर निक्षेप सदस्यले हरेक कारोबारको लागि गरिने राफसाफ एक-एक गरि प्रविष्टि गर्न चाहेमा सो कार्यका लागि सफ्टवेयरमा उपलब्ध हुने Excel फाईल डाउनलोड गरी समेत गर्न सक्नेछन्।

(ग) बुंदा (क) र (ख) अनुसार प्रविष्टि गर्दा निक्षेप सदस्यले हरेक कारोबारको राफसाफका लागि तोकिएको मिति (T+3) को बिहान ११ बजे भित्रमा गरी सक्नुपर्ने छ।

८. **निक्षेप सदस्यले अभिलेख राख्नुपर्नेः**

(क) निक्षेप सदस्यले हरेक दिन ग्राहक बाट प्राप्त विद्युतिय निर्देशन पुर्जी तथा सो को कार्यान्वयनको अभिलेख एकमुष्ट रूपमा प्रिन्ट गरि सम्बन्धित अधिकृतको दस्तखत गरि सुरक्षित रूपमा राख्नु पर्नेछ।

९. **क्षतिपूर्ति दिनुपर्नेः**

(क) ग्राहकले जारी गरेको विद्युतिय निर्देशन पुर्जीको कार्यान्वयन निक्षेप सदस्यले समयमा नै नगरेको कारणले ग्राहक क्लोज आउटमा परेमा सो बापतको क्षतिपूर्ति निक्षेप सदस्यले बेहोर्नु पर्नेछ।

१०. **भौतिक निर्देशन पुर्जीको व्यवस्था कायम रहनेः**

(क) यस कार्यविधि लागू भई विद्युतिय निर्देशन पुर्जी कार्यान्वयनमा आए पश्चात पनि भौतिक निर्देशन पुर्जी मार्फत कार्य गर्न कुनै बाधा रहने छैन।

११. **हस्तान्तरण शुल्क संकलन गर्नेः**

(क) धितोपत्रको हस्तान्तरण गर्दा लाग्ने "केन्द्रीय निक्षेप सेवा विनियमावली २०६९, दोश्रो संशोधन २०७३ सहित" को निक्षेप सदस्यले लिने शुल्क धितोपत्रको कारोबारको राफसाफ तथा फर्छ्यौट प्रक्रिया संगै कट्टा गर्ने व्यवस्था गरिने छ ।

CDS and C aring Ltd

(ख) बुँदा (क) अनुसार शुल्क कट्टा गर्दा धितोपत्रको बिक्री बापत लाग्ने शुल्क गणना गरि कारोबारको राफसाफ तथा फर्छ्यौटका क्रममा बिक्रीकर्ता ग्राहकले प्राप्त गर्ने रकमबाट कट्टा गरि सिडिएससिको खातामा जम्मा गरिने छ ।

(ग) धितोपत्रको खरिद बापत लाग्ने शुल्कको हकमा ग्राहकले धितोपत्र खरिदका क्रममा बुझाउनुपर्ने रकममा सो शुल्क समेत थप गरि राफसाफ तथा फछ्यौंटका क्रममा उक्त शुल्क सिडिएससिको खातामा जम्मा गरिने छ ।

(घ) बुँदा (ख) र (ग) अनुसार सिडिएससिको खातामा जम्मा भएको रकम मध्येबाट निक्षेप सदस्यले प्राप्त गर्नुपर्ने रकममा सिडएससिको शुल्क कट्टा गरि हरेक महिना समाप्त भएको पन्ध्र दिन भित्रमा सम्बन्धित निक्षेप सदस्यको बैंक खातामा भुक्तानी दिईनेछ ।

CDS and Clearing Ltd